नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३,
५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७७।०८।०९

## अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी महामारीको रुपमामा फैलिएको कोभिड-१९ कोरोना भाईरसको संक्रमणको जोखिम तनहुँ जिल्लामा पनि दिन प्रतिदिन बढीरहेको अवस्था छ । हरिबोधनी एकादशी लगायतका पर्वहरु समेत नजिकै आईरहेको अवस्था छ । पर्वहरुमा हुने मानिसहरुको जमघटका कारण कोभिड-१९ कोरोना भाईरसको संक्रमण फैलिन सक्दछ । तसर्थ कोरोना संक्रमणलाई थप फैलिन नदिई सावधानी अपनाउन र सचेत रहन देहाय अनुसार गर्नु गराउनु हुन सबैमा सूचित गरिन्छ ।

१. चाडपर्वहरुको समयमा अधिक आवगमन तथा भिडभाड जन्य गतिविधिहरुले संक्रमणको जोखिम बढ्ने हुनाले नजिकै आईरहेको हरिबोधनी एकादशी लगायतका पर्व मनाउँदा नदी किनारा घाट तथा मन्दिरहरुमा उपस्थित नभई आ-आफ्नै घर परिवारमा मात्र सीमित रही मनाउने, हिंडडुल तथा भिडभाड कम गर्ने, मेला नगर्ने, नगराउने ।

२. केही व्यवसाय, व्यक्ति, संघ संस्था तथा सरकारी कार्यालयहरुमा समेत नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालनामा कमी भैरहेको देखिएकोले कोभिड-१९ संक्रमणको जोखिम न्यूनिकरणका लागि स्वास्थ्य मापदण्ड अनुसार सामाजिक भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा माक्स लगाउने, नियमित रुपमा साबुन पानीले पटक पटक हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, गराउने ।

३. सवारी साधनहरुमा नेपाल सरकारले तोकेको मापदण्ड भन्दा बढी यात्रु नराख्ने जस्ता न्यूनतम स्वास्थ्य र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने, गराउने ।

यो सूचनाको अवज्ञा गर्ने/गराउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी